# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, फागुन ३ गते २०४३ साल (अतिरिक्ताङ्क ४५ (अ)

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३४, मिति २०४०।४।१, अतिरिक्ताङ्क १९ (घ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको अनुसूची १ को नं. २ (क) अनुसारका देहायका कच्चा पदार्थहरूलाई निम्न प्रकृया अनुसार स्वतः आयात इजाजतपत्र जारी गरिने गरी राखिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) कच्चा ऊन: (१) साबिकमा लागिआएको इजाजत मूल्यको १ (एक) प्रतिशत आयात इजाजत दस्तुरका अतिरिक्त इजाजत मूल्यको १० (दश) प्रतिशत प्रिमियम बुझाई आयात गर्न चाहनेलाई आयात इजाजतपत्र प्रदान गर्न सकिनेछ।

(२) यसरी प्रिमियम तिरी आयात गरिएको ऊनबाट निर्मित। उत्पादित गलैंचा परिवर्त्य विदेशी मुद्रा क्षेत्रमा निकासी गरी सोको भुक्तानी प्राप्त गरेको प्रमाण पेश गरेमा सो वस्तुमा जे जति ऊन प्रयोग भएको छ सोमा लागेको प्रिमियम निकासीकर्तालाई तोकिएको प्रकृया अनुसार फिर्ता दिइनेछ।

638 ०४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) फलामे बिलेटः (१) साबिकमा लागिआएको इजाजत मूल्यको ५ (पाँच) प्रतिशत इजाजत दस्तुरका अतिरिक्त इजाजत मूल्यको ५ (पाँच) प्रतिशत प्रिमियम बुझाई आयात गर्न चाहने सम्बन्धित उद्योगहरूलाई उद्योगको क्षमता अनुरूप आयात इजाजतपत्र प्रदान गर्न सकिनेछ ।

(२) यसरी प्रिमियम तिरी आयात गरिएको बिलेटबाट उत्पादित डण्डी (छड) नेपालमा संचालित कुनै आयोजनालाई परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेमा वा श्री ५ को सरकारले भन्सार महसुल तथा कर छुट दिनुपर्ने गरी सम्झौता भई संचालन भएका आयोजनालाई बिक्री गरेमा यस प्रकार बिक्री भएको डण्डीको उत्पादनका लागि प्रयोग भएको बिलेटमा लागेको प्रिमियम तोकिएको प्रक्रिया अनुसार फिर्ता दिइनेछ । उपरोक्त अनुसार कच्चा ऊन र फलामे बिलेटको प्रिमियम फिर्ता गर्ने प्रक्रिया २०४४ साल जेष्ठ महिनादेखि लागू हुनेछ ।

(ग) जिप्समः (१) साबिकमा लागिआएको इजाजत मूल्यको ५ (पाँच) प्रतिशत इजाजत दस्तुर लिई सिमेण्ट उद्योगहरूलाई आवश्यकता अनुसार आयात इजाजतपत्र जारी गरिनेछ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६८० २३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।